
सुवर्णावती गाउँपालिका


मिझिङ, रोल्पा



वार्षिक योजना किताव

सुवर्णावती गाउँपालिका

मिझिङ्, रोल्पा



आ.ब.२०७४।७५ को लागि प्रस्तावित वार्षिक नीति, कार्यक्रम तथा आय/व्यय सहितको बजेट वक्तव्य

२७ भाद्र २०७४

सुवर्णावती गाउँपालिकाको पहिलो गाउँसभाका उपाध्यक्ष ज्यू,

प्रमुख अतिथि,सम्माननीय सभामुख ओनसरी घर्ती ज्यू,

विशिष्ट अतिथी ज्यू,

विशेष अतिथि ज्यू,

उपस्थित सम्पुर्ण अतिथीगण,

गाउँसभाका सदस्यहरु,

सम्पुर्ण कर्मचारीहरु

पत्रकार,सुरक्षाकर्मीतथा

उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम हाल देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे जनयुद्द, २०६२।६३ को जनआन्दोलन, मधेश आन्दोलन लगाएत विभिन्न समयमा भएका राजनैतिक आन्दोलनको परिणाम स्वरुप २०७० सालमाभएको दोस्रो संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी गरेको संविधान अहिले कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारिक रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ दुई चरणमा सम्पन्न भईसको छ भने तेस्रो चरणको निर्वाचन केही दिनमै सम्पन्न हुने तयारीमा छ । यसै सन्दर्भमा आज हामी यस सुवर्णावती गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत र गौरवान्वित पनि भएका छौँ ।

देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात,अज्ञात सम्पुर्ण महान सहीदहरु, जनयुद्द र जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु,वेपत्ता पारिएका तथा देशमा गणतन्त्र र संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरुलाई ह्रदयदेखि सम्झन चाहन्छौँ ।

अध्यक्ष महोदय,

अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ ,शहर,बस्ती,टोल आफैँ बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस सुवर्णावती गाउँपालिकाको आ.व. ०७४।७५ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.विगत १५ वर्षदेखि जनप्रतिनिधि विहीन स्थानीय निकाय हालै सम्पन्न निर्वाचनबाट अधिकार सम्पन्न स्थानीय तहमा परिणत भएको छ । अवका दिनमा सुवर्णावती गाउँपालिकाको स्थानीय सरकारले असहज भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

२. हाम्रो भूगोलमा पूर्वाधार विकासको पहिलो शर्त सडक भन्ने हामी सबैले महशुस गरेका छौँ । भौगोलिक जटिलतामा सहजीकरण गर्न सक्ने प्राविधिक ज्ञान, सिपको उच्चतम सदुपयोग गर्दै यस क्षेत्रका सडक पूर्वाधारलाई आधारभूत मापदण्ड अनुकुल व्यवस्थित एव विकास गरिनेछ । यस गाउँपालिकाका आठवटै वडा क्षेत्रहरुलाई गाउँपालिकाको केन्द्रसम्म सडक सञ्जालले आबद्द गरिने छ । यसका लागि विस्तार भएका सडकको आवश्यकता अनुसार मर्मत,स्तरोन्नती तथा बिस्तार हुन बाँकी सडकलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ, जसले गर्दा स्थानीयस्तरमा व्यापार प्रवर्द्धन हुनाका साथै यस क्षेत्रका जनताको आधारभुत आवश्यकता पुरा गर्न वजारको व्यवस्था भई पुँजी परिचालनमा समेत ठोस मद्दत पुग्ने विश्वास लिइएको छ ।

३.सुवर्णावती गाउँपालिकामा कृषि अन्न तथा वालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ तथापी जिल्लाका अन्य स्थानभन्दाराम्रो खेतिको सम्भावना भएको हुदाँअनुकुल समयमा उत्पादन हुने धान मकै,कोदो आलु, जौ, उवा, फापर लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ । जनताको खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन कृषिलाई आधुनिकरण र व्यवसायिक बनाइ खाद्यान्न भण्डारणको उचित प्रबन्ध गरिने छ ।पशुपालनको रुपमा उन्नत जातको गाई,भैसी,बाख्रा व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै डाले घाँसको प्रर्बधन तथा निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइनेछ । भूगोलको प्राबिधिक अध्ययन गरी माटो सुहाउदो बाली, फलफूल तथा तरकारी उत्पादन र पशुपालनको पकेटक्षेत्रको रुपमा बिकास र विस्तार गरिनेछ ।

४. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

५. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । सुवर्णावती गाउँपालिका क्षेत्रमा “**एक घर,एक धारा**” को नीति अबलम्वन गरिने छ । शहरीकरण सँगै विस्तार हुने फोहरमैलाको व्यवस्थापन गर्न ल्याण्डफिल्ड साईडको पहिचान लगायत अन्य व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।**“सफा र स्वच्छ खानपान, सुवर्णावतीको पहिचान” को** नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ ।

६.उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको सीपमूलक र व्यवसायिक तालिम दिइनेछ । स्वस्थ, अनुशासित तथा सिर्जनसिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ,यसका लागि **"एक वडा एक खेल मैदान"** को नीति अवलम्वन गरिने छ । गाउँपालिकामा एउटा राष्ट्रियस्तरको रङ्गशाला निर्माणका लागि आवश्यक प्रकृया अघि बढाइनेछ ।

७. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईनेछ । सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार गरिनेछ ।सामुदायिक विद्यालयहरुको प्रभावकारिता बढाउन कक्षा एक देखि नै अँग्रेजी माध्यमबाट अध्ययन,अध्यापन गराउने नीति अवलम्वन गरिने छ । पढ्ने बानीको विकास गर्न तथा शिक्षित,अनुशासित,सचेत र समुन्नत नागरिकको विकासका लागि**"एक वडा एक पुस्तकालय"** को नीति क्रमसः लागू गर्दै लगिने छ ।

८. गाउँपालिकामा भूगोल र जनसंख्याको चापलाई मध्यनजर गरी कम्तीमा५० शैयाको अस्पताल निर्माण गर्न यथेष्ट पहल गरिनेछ । गाउँपालिकाका सम्पूर्ण वडाहरु पुर्ण खोपयुक्त घोषणा भइसकेका छन् यसको प्रभावकारिता अभिबृद्दी गरिनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त र पूर्ण पोषणयुक्त बनाउनाका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वाथ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिने छ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभग्राहीहरुको विवरण अनलाइनमा अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१०.वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

११. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

१२. यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक,साँस्कृतिक,सामाजिक तथा पर्यटकीय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ ।पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको बाटो सुधार गर्ने, होटल तथा अन्य सेवा उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने, ट्रेकिङ रुटमा होमस्टे हाउस निर्माण गर्ने, पदयात्रीहरुको जानकारीका लागि ठाउँठाउँमा पर्यटकीय जानकारीहरु, उचाई तथा उक्त क्षेत्र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानी तथा पुर्वतयारीका वारेमा जानकारी सहितका वोर्डहरु राख्ने कार्य गरिनेछ । यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गर्ने, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

१३. यस गाउँपालिका भित्र अव बन्ने घरहरु भूकम्प प्रतिरोधी बन्नेछन ।भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नेपाल सरकारको निर्धारित मापदण्ड भित्र रहि गाउँपालिका भित्र आवश्यक नीति बनाई कार्यान्वयन गर्दै लगिने छ । आगामी चार बर्षभित्र सुवर्णावती गाउँपालिका भित्र खर वा फुसको छाना भएका घरहरुलाई ढुङ्गा वा जस्ताको छानाले विस्थापित गरिनेछ ।

१४. आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रको विकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ । **"हरेक वडा प्रविधिमैत्री वडा"** को नारालाई मूर्त रुप दिइनेछ ।

१५. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

१६. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१७. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।

१८. यस गाउँपालिकाका जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारीहरुलाई समयानुकुल व्यवहार,आचरण प्रर्दशन गर्न तथा सेवा प्रवाहलाई जनमुखी र उत्तरदायी वनाउन विभिन्न तालिम, गोष्ठी,अध्ययन भ्रमण लगाएत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसकालागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ ।

२०. उर्जा विकासको महत्वपूर्ण पूर्वाधार हो । गाउँपालिका भित्र उपलब्ध जलस्रोतको अधिकतम् उपयोग गर्दै बहुउपयोगी जलविद्युत गुरुयोजना तयार गरिनेछ । सुवर्णावती गाउँपालिकामा **"हरेक घर, उज्यालो घर"** कार्यक्रम संचालन गरि विद्युतको भरपर्दो व्यवस्था गरिनेछ ।

२१. यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरिनेछ । राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणम जोड दिइनेछ ।

२२. गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु गुणस्तरीय,व्यवस्थित,प्रभावकारी र पारदर्शी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्यविधि बनाई तत्काल लागू गरिनेछ ।

२३. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई सुवर्णावती गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसको लागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

अव म आ. व २०७३/०७४ को सामान्य समिक्षा गर्न चाहान्छु ।

गत आर्थिक वर्षमा साविकका गा.वि.स.हरु अरेश, तेवाङ, घोडागाउँ, खुंग्री , मिझिङ, गजुल र हालको सुवर्णावती गाउँपालिकामा कुल रकम रु. ७ करोड ७५ लाख, ६८ हजार ६ सय १६ प्राप्त भएको र सो मध्ये रकम रु. ७ करोड १४ लाख ३७ हजार ३ सय ८९ रुपैया ५३ पैसा खर्च भई गाउँ पालिकाको रु.६१ लाख ३१ हजार २ सय २६ रुपैया ४७ पैसा र वडाबाट फिर्ता रु. १ लाख ७९ हजार ७ सय ४८ गरी कुल ६३ लाख १० हजार ९ सय ७४ रुपैया ४७ पैसा बाँकी रहेको देखिन्छ । बाँकी रहेको रकमलाई आ.व.०७४/०७५ को बजेटमा समाबेस गरी योजनाहरुमा खर्चहुने सुनिश्चितता गरिएको छ ।

आ.व. २०७४/०७५ को बजेट बक्तव्य

सताव्दीयौ देखि एकात्मक राज्य प्रणालीको अभ्यास गरको हामी आज संघियता कार्यान्वयनको पहिलो चरणमा छौं । हाम्रा सामु गाउँ गाउँमा आएको सिंहदरबारको चुनौतिपूर्ण अविभारा पूरा गर्ने गहन जिम्मेबारी एकातिर छ भने अर्कोतिर अनेकौं चुनौतीहरुका विच गाउँपालिकाको संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षमता वृद्धि गरी समृद्ध गाउँपालिका निर्माण गर्ने दायित्व पनि छ ।

हामीले महसुस गरेका छौ विकासको पहिलो शर्त भनेको आधारभूत पूर्वाधार विकास नै हो । भौगोलिक कठिनाई र प्रयाप्त श्रोत साधनको अभावले हाम्रा आधारभूत आवश्यकता समेत पूरा हुन सकेको छैनन । यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, सिंचाई, कृषि, पशुपंक्षिको अग्रगामी छलाङ विना हामीले हाम्रा आवश्यकता पूरा गर्न सक्दैनौ । यसर्थ हाम्रो प्राथमिकता भनेको आधारभूत पूर्वाधार विकस नै हो ।

अध्यक्ष महोदय,

अव म बजेटका प्राथमिकताका क्षेत्रहरु अवगत गराउने अनुमती चाहान्छु :

१. आर्थिक, सामाजिक विकास र गरिवी न्युनिकरण,
२. पूर्वाधार विकास,
३. संस्थागत विकास, सुशासन र सेवा प्रवाह,
४. जनसहभागिता,
५. लैंगिक समानता र सामाजिक समावेशीकरण
६. दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापन
७. राजश्व परिचालन

वजेटका उद्देश्यहरु :

१. आधारभूत भौतिक पूर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको अभिवृद्धि गरी गरिवी न्युनिकरणमा टेवा पुर्याउने,

२. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणमा जोड दिने,

३. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,

४. आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायत सम्पूर्ण जनताको पहुँच सुनिश्चित गर्ने,

५. सामाजिक, आर्थिक, लैङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने,

६. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण लगायतको कार्यहरु मार्फत सुशासन प्रवर्धन गर्ने,

७. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रन गरी आन्तरिक आयमा अभिवृद्धि गर्ने

सभाध्यक्ष महोदय,

अव म आ.व. २०७४/०७५ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु :

आ.व.२०७४/०७५ को कुल बजेट रु ३७ करोड ७५ लाख १० हजार २४ रुपैया ४७ पैसा रहेको छ । कूल बजेट मध्ये संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु.२० करोड २७ लाख ५३ हजार संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. १० करोड ५१ लाख ९८ हजार, सामाजिक सुरक्षा भत्ता रु. ४ करोड १० लाख ४४ हजार ८ सय, आन्तरिक राजश्व रु १ करोड १० लाख, गत आ.व.को अ.ल्या. रु. ६३ लाख १० हजार ९ सय ४७ रुपैया ४७ पैसा र विभिन्न साझेदार निकायबाट रु. १ करोड १२ लाख ३ हजार २५० रहेको छ ।

संकलन हुन सक्ने सम्भावित आन्तरिक श्रोत प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान रकम, संघिय सरकारबाट प्राप्त हुन सक्ने विशेष अनुदान रकम, जिल्ला समन्वय समितिद्धारा स्थानीय तहलाई बाडफाँड हुने रकम आदिका सन्दर्भमा विशेष कार्यक्रमहरु स्वीकृत गरी खर्च गरिने छ ।

कूल बजेट रकम मध्ये पूँजीगत खर्च तर्फ रु. २१ करोड ३७ लाख ३२ हजार ५० (५६.६२%) र रु.१६ करोड ३७ लाख ७७ हजार ९७४ रुपैंया ४७ पैसा (४३.३८%) चालु खर्च तर्फ विनियोजन गरिएको छ ।

- आधारभूत पूर्वाधार विकास विना समग्र विकास असंभव हुने भएकाले आधारभूत पूर्वाधार विकास नै हाम्रो पहिलो प्राथमिकता हो । यसै कुरालाई मध्यनजर गरी सुवर्णावती गाउँपालिका भित्र सडक यातायात संचालन विस्तारका लागि मोटरबाटो, कृषि सडक, गोरेटो विस्तारका लागि रु.४ करोड ८२ लाख ९४ हजार रकम विनियोजन गरेको छु ।

- कृषि प्रधान देश नेपालमा बैज्ञानिक कृषि प्रणालिको अभावमा परम्परागत कृषि प्रणालीमै रुमल्लिनुपरेको यथार्थता हाम्रो सामु सर्वविदितै छ । कृषि क्षेत्रको विकासका लागि आकाशेपानीको भर पर्नुपर्ने र उपलब्ध जलश्रोतको भरपुर उपयोग हुन नसकेको अवस्थामा यसको अधिकतम उपयोग गरी सिंचाईको पहुँच बृद्धि गर्न रु. १ करोड ५ लाख ४५ हजार रकम विनियोजन गरेको छु ।
- स्वच्छ, सफा र सुरक्षित खानेपानीको अभावमा हुने समस्या न्युनिकरण गर्न तथा अव्यवस्थित रहेको खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गरी यस गाउँपालिका भित्र एकघर एकधारा सुनिश्चित गर्न रु. १ करोड २५ लाख ६० हजार रकम विनियोजन गरको छु ।
- शिक्षाको उज्याले घामबाट कोहिपनि वञ्चित हुन नपरोस भन्ने लक्ष्यका साथ शिक्षा क्षेत्रको गुणस्तर अभिबृद्धि, आधारभूत भौतिक पूर्वाधार निर्माण लगायत कार्यका लागि रु. १ करोड ५० लाख ५९ हजार रकम विनियोजन गरेको छु ।
- सफा र स्वच्छ खानपान, सुवर्णावतीको पहिचान लाई सार्थकता दिन तथा आम जनताको जीवनसँग प्रत्यक्ष जोडिएको स्वास्थ्य तथा सरसफाई क्षेत्रको पहुँच वृद्धि गर्न, स्वास्थ्य चौकिको भौतिक पूर्वाधार मर्मत तथा सुधार गर्न आवश्यक देखिएको छ, समयमा औषधि उपचार नपाई अकालमा मृत्युहुने अवस्था सिर्जना हुन नदिन आवश्यक औषधि खरिद लगायतको कामका लागि रु.१ करोड १० लाख ५७ हजार छुट्याएको छु ।
- सन्तुलित बातावरणका लागि बन जंगलको संरक्षण र विकास महत्वपूर्ण हुन्छ । वातावरण मैत्री विकास दिगो विकासको मुल आधार हो । जलबायु अनुकुल कार्यक्रम संचालन तथा जलाधार र भूसंरक्षण क्षेत्रमा आवश्यक कार्यक्रम संचालन गर्न रु.३० लाख २५ हजार रकम विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको विकास गर्न कृषि औजार, विउविजन, बेमौसमि तरकारी खेती, कृषि सम्बन्धि प्राविधिक तालीम तथा क्षमता विकास कार्यक्रमका लागि रु. २४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- खेलकुदका माध्यमबाट स्वस्थ जीवनको विकास तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रतिस्पर्धाका माध्यमबाट खेलकुद पर्यटनको विकास गर्न आवश्यक छ । खेलकुद क्षेत्रको विकासका लागि एक वडा एक खेल मैदानको नीति लिएको छु दिर्घकालिन योजनाको रुपमा गाउँपालिकामा एउटा राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गर्ने सोचका साथ हामी अघि बढिरहेका छौ । खेल मैदान निर्माण, खेल सामाग्री वितरणका लागि संभाव्यता अध्ययन गर्ने समेतको कार्यको लागि प्रयाप्त बजेट छुट्याएको छु ।
- सार्वजनिक महत्वका धार्मिक, सांस्कृतिक, ऐतिहासिक भवनको जिर्णोद्धार, नयाँ भवन निर्माण, मर्मत तथा सुधार आवश्यक देखिएको छ । यसका लागि आबश्यक रकम विनियोजन गरेको छु ।

- पर्यटन क्षेत्र आर्थिक विकासको प्रमुख क्षेत्र हो । पर्यटकिय क्षेत्रको विकास, विस्तार, संरक्षण र सम्बर्द्धन विना यसको लाभ हासिल गर्न सकिदैन । तसर्थ पर्यटन क्षेत्रको विकासका लागि रु.३३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

  अध्यक्ष महोदय,

- रोजगारीको अभावमा युवाशक्तिको पलायन हुने क्रम तिब्र छ । युवा पलायन रोक्न तथा सिर्जनसील युवाशक्तिलाई गाउँको विकासका लागि उपयोग गर्न सके गाउँको विकासले गती लिने निश्चित छ । विभिन्न प्राविधिक, व्यवसायिक तथा सीपमुलक कार्यक्रम तथा तालीमहरु सञ्चालन गरी बेरोजगार युवा शक्तिलाई रोजगारीको प्रत्याभूति दिलाउन तथा बढ्दो वेरोजगारी दर न्युनिकरण गर्न, तिव्र विदेश पलायनलाई रोकी गाउँको विकासमा युवाशक्ति केन्द्रित गर्न आवश्यक कार्यक्रमका लागि रु.३२ लाख रकम छुट्याएको छु ।
- लैङ्गीक समानता, समावेशिता, महिला सशक्तिकरण, जातीय भेदभाव र छुवाछुत मुक्त समाजको निर्माण, बालविवाह, बहुविवाह न्युनिकरण, फरक क्षमता भएकाहरुको सम्मान र क्षमता विकास, एकल महिला तथा जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति गर्न तथा घरेलु हिंसा जस्ता जघन्य अपराध न्युनिकरण गर्ने कार्यका लागि रु.३३ लाख ३० हजार रकम विनियोजन गरेको छु ।
- सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहिमैत्री बनाउन तथा चुस्त,सक्षम, प्रभावकारी, भ्रष्टाचारमुक्त प्रशासन संचालनका लागि कुनै कसर बाँकी राखिने छैन । राष्ट्रसेवक कर्मचारीलाई कामप्रति उत्प्रेरित गराउन तथा जनता प्रति उत्तरदायि बनाउन कार्यसम्पादन सूचकका आधारमा मासिक आईपाई आएको तलबको ३० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु । त्यस्तै अतिरिक्त समय काम गरेवापत दैनिक अतिरिक्त कार्य सम्मको आधारमा पाउने आवश्यक रकम समेत विनियोजन गरेको छु । यसबाट सेवा प्रवाहमा अपेक्षित सुधार आउने विश्वास लिएको छु ।
- वित्तीय क्षेत्र सुधार, वित्तीय जोखिम न्युनिकरण, राजश्व परिचालन, कर संकलन, अभिलेख व्ववस्थापन, लेखा परिक्षण लगाएत व्यवस्थापकीय कार्यका लागि आवश्यक रकम विजियोजन गरेको छु ।
- प्राकृतिक तथा मानविय विपद प्रतिकार्य तथा व्यवस्थापनका लागि गाउँपालिका स्तरमा विपद व्यवस्थापन कोष स्थापना गरी कार्य अघि वढाईने छ । सो को लागि रु १६ लाख ७५ हजार विनियोजन गरेको छु ।
- फोहोरमैला विशेष कोष स्थापना गरी यसको व्यवस्थापनमा सहयोग पुऱ्याउन आवश्यक रकम विनियोजन गरको छु ।
- “गरीवका लागि छाना कार्यक्रम” अन्तरगत अति गरिव तथा विपन्न वर्गको स्तर उकास्न ४ वर्षे कार्ययोजना बनाई फुस वा खरबाट बनेको घरहरुलाई ढुङ्गा वा जस्ताको छानोले विस्थापित गरिने छ यसका लागि रु १ करोड रकम छुट्याएको छु ।

- अन्त्यमा, असीमित आवश्यकताहरुलाई सीमित श्रोत साधनबाट एकैवर्षमा परिपूर्ति गर्न पक्कै पनि गाह्रो भएको छ । आवश्यकता र प्राथामिकताको आधारमा योजना तथा कार्यक्रमहरु छनौट गरी आगामी आर्थिक वर्षहरुमा क्रमशः कार्यान्वयन गर्दै लगिने नै छ ।

अध्यक्ष महोदय,

जन अपेक्षाहरु धेरै रहेका छन् । हामी जनप्रतिनिधीबाट जनताले धेरै ठूलो आशा र विश्वासको अपेक्षा गरेका छन्, हामी हाम्रो क्षमता र विवेकलाई अधिकतम प्रयोग गरी जनताको अपेक्षा पूरा गर्ने बाचा गर्दछौं ।

हाम्रो निमन्त्रनालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथी सम्माननीय सभामुख ओनसरी घर्ती ज्यु लगायत विशिष्ट अतिथि, विशेष अतिथीक अतिथीहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । राष्ट्रसेवक कर्मचारीहरुबाट समन्वयात्मक ढङ्गबाट गाउँको विकासमा सहकार्य गर्ने विश्वास लिएको छु, साथै आ.व. २०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट निर्माण प्रकृयामा अहम भूमिका निर्वाह गर्नुहुने कार्यकारी अधिकृत ज्यु, गाउँपालिकाका कर्मचारी साथीहरु, विभिन्न विषयगत समितिका सदस्य ज्युहरु विशेष धन्यबादका पात्र हुनुहुन्छ ।

आगामी दिनहरुमा योजना कार्यान्वयनका क्रममा सवै जनप्रतिनिधीहरु, कर्मचारी वर्ग, उपभोक्ता समूह लगायत सरोकारवाला सबैको साथ, सल्लाह र सहयोगको अपेक्षा गर्दछु ।

आ.व. २०७४/०७५ को वार्षिक योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ ।

गुणेन्द्र घर्ती
गाउँपालिका अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय,

मिझिङ, रोल्पा

आ.व. २०७४/०७५ को आय विवरण

क्र.सं.	विवरण	रकम रु.	आम्दानीका श्रोतहरु	रकम रु.	कैफियत
1	कूल बजेट	377510024.47	समानिकरण अनुदान	202753000.00	
2			सशर्त अनुदान	105198000.00	
3			सामाजिक सुरक्षा भत्ता	41044800.00	
4			आन्तरिक राजश्व	11000000.00	
5			अत वर्षको अ.ल्या.	6310974.47	
6			साझेदार निकायहरुबाट	11203250.00	
	जम्मा	377510024.47		377510024.47	

आ.व. २०७४/०७५ को व्यय विवरण

क्र.सं.	विवरण	रकम रु.	खर्च शिर्षक	रकम रु.	कैफियत
1	कूल बजेट	377510024.47	चालु खर्च	51579974.47	
2			सशर्त अनुदान	105198000.00	
3			पूँजिगत खर्च	202528800.00	
4			साझेदार निकायहरु	11203250.00	
5			आन्तरिक चालु	7000000.00	
	जम्मा	377510024.47		377510024.47	

अनुसूची-२

rfn"tkm{M

खर्च शिर्षक	विवरण	समपूरक अनुदान	आन्तरीक सोत	jf* sfof{no	ufp+kfhnsf	s'n hDdf
21111	तलब	13,300,000.00	7,000,000.00	0	13,300,000.00	

21112	स्थानिय भत्ता	1,245,000.00	0.00	0	1,245,000.00	
21113	महंगी भत्ता	384,000.00	0.00	0	384,000.00	
21119	अन्य भत्ता	7,800,000.00	0.00	2340000	5,460,000.00	
21121	पोशाक	250,000.00	0.00		250,000.00	
22111	पानी तथा बिजुली	340,000.00	0.00	96000	244,000.00	
22112	संचार महसुल	500,000.00	0.00	200000	300,000.00	
22121	घर भाडा	1,100,000.00	0.00	180000	920,000.00	
22122	अन्य भाडा	200,000.00	0.00		200,000.00	
22114	फिल्ड भता	249,000.00	0.00		249,000.00	
22211	इन्धन	500,000.00	0.00	120000	380,000.00	
22212	संचालन तथा मर्मत संभार	1,000,000.00	0.00	250000	750,000.00	
22213	बीमा	72,000.00	0.00		72,000.00	
22311	कार्यालय सम्बन्धी खर्च	8,000,000.00	0.00	960000	7,040,000.00	
22314	इनधन अन्य प्रयोजन	160,000.00	0.00	0	160,000.00	
22412	अन्य सेवा शुल्क	2,000,000.00	0.00	0	2,000,000.00	
22512	कार्यक्रम खर्च	2,000,000.00	0.00	0	2,000,000.00	
22611	अनुगमन,मूल्यांकन खर्च	800,000.00	0.00	0	800,000.00	
22612	भ्रमण खर्च	6,300,000.00	0.00	1440000	4,860,000.00	
22711	विविध खर्च	5,379,974.47	0.00	160000	5,219,974.74	
		51579974.47	70000000.00	5746000	45,833,974.47	58579974.47

अनुसूची-३

सुवर्णावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मिझिङ, रोल्पा

गाउँ पालिकाबाट संचालन गरिने कार्यक्रमहरु

क्र.सं.	विवरण	विनियोजित रकम रु.	शिर्षक
1	विपद व्यवस्थापन कोष स्थापना	10000000.00	बातावरण
2	विस्तृत परियोजना प्रतिवेदन (DPR)	5000000.00	विकास/पूर्वाधार
3	समपूरक कोष	20000000.00	विकास/पूर्वाधार
4	गाउँसभा खर्च	7000000.00	
5	पूजिगत भैपरिआउने	2500000.00	
6	गाउँपालिका/वडा कार्यालय भवन निर्माण /मर्मत	4000000.00	विकास/पूर्वाधार

७	सवारी साधन खरिद	१८०००००.००	पूर्वाधार
८	फर्निचर तथा फिक्चर्स	२०००००.००	पूर्वाधार
९	मेसिनरी औजार	२०००००.००	पूर्वाधार
१०	अनसन्धान तथा परामर्श	७०००००.००	सामाजिक
११	लक्षित समूह कार्यक्रम	१५०००००.००	सामाजिक
१२	मर्मत संभार विशेष कोष	१०००००.००	पूर्वाधार
१३	फोहोर मैला व्यवस्थापन विषेश कोष	५०००००.००	वातावरण,स्वास्थ्य सरसफाई
१४	एक वडा एक पुस्तकालय	५०००००.००	शिक्षा
१५	औषधि खरिद	२०००००.००	स्वास्थ्य
१६	फुसको छानो विस्थापन	१०००००००.००	सामाजिक
१७	खेलकुद विकास कार्यक्रम	१०००००.००	खेलकुद
१८	कला, साहित्य, संस्कृति	३००००.००	सामाजिक
१९	सिघ्र कुपोषण न्युनिकरण कार्यक्रम	२००००.००	स्वास्थ्य
२०	प्रत्येक वडामा ईन्टरनेट/IT कार्यक्रम	४००००.००	सुशासन/सेवा प्रवाह
२१	हेलो सुवर्णावति कार्यक्रम	१००००.००	सुशासन/सेवा प्रवाह
२२	कषि पकेट क्षेत्र विकास	२००००.००	अध्ययन अनुसन्धान
२३	कृषि कार्यक्रम	३४८७०००.००	
२४	पशुसेवा कार्यक्रम	२८४७०००.००	
२५	महिला विकास कार्यक्रम	५००००.००	
	जम्मा	३५८८४०००.००	

अनुसूची-४

गाउँ पालिकाबाट संचालन गरिने योजनाहरु

क्र.सं.	विवरण	विनियोजित रकम रु.	कैफियत
१	सिम्लेनि काभ्रा मन्घा क्वालीगाउँ मोटरबाटो योजना	८०००००.००	
२	अरेश तेवाङ नयाँ मोटरबाटो निर्माण	४०००००.००	
३	कोईरालखर्क हलहले चिन्ने पञ्चमीमेला नयाँ मोटरबाटो निर्माण योजना	२०००००.००	
४	हिले गोगनपानी सातदोबाटो नयाँ मोटरबाटो निर्माण निर्माण योजना	२०००००.००	
५	धौलिगाउँ हुदै खुमिनगर/सुनिल मार्ग जोड्ने मोटरबाटो निर्माण योजना	१०००००.००	
६	पञ्चीकोट उर्लीखोला थुम्पाकी नयाँ मोटरबाटो निर्माण योजना	१२००००.००	
७	पेदिपीपल गन्धर्ववस्ती नया मोटरबाटो निर्माण योजना	३००००.००	
८	छात्राबास डाडागाउँ दलितब्स्ती नयाँ मोटरबाटो निर्माण योजना	३००००.००	
९	महेन्दी पिपलटार घोडागाउँ जोड्ने मोटरबाटो निर्माण योजना	३००००.००	
१०	कलिवाङ बासघारी तल्लोखारा जोडेने मोटरबाटो निर्माण योजना	७००००.००	

११	काफलगैरा चक्टीपाटा राजपोखरा नयाँ मोटरबाटो निर्माण योजना	१०००००.००	
१२	अम्पखोला छिछिरे सिचाई मर्मत योजना	५००००.००	
१३	देउखुरी खोला गोदुमसेरा सिचाई	५००००.००	
१४	छिर्ने साविक ७ नं. सिंचाई मर्मत	३००००.००	
१५	सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्र सुत्केरी कुरुवा घर निर्माण	६००००.००	
१६	सुलिचौर ई.प्र.का.पर्खाल निर्माण	५००००.००	
१७	सुलिचौर बसपार्क नोकोट मोटरबाटो स्तरोन्नती	२००००.००	
१८	सुलिचौर बजार र सेवाकेन्द्र खानेपानी व्यवस्थापन	१८००००.००	
१९	ल्याण्डफिल साईट जग्गा खरिद	१५००००.००	
२०	बाग्मा २ लाख,अखलेपोखरा १ लाख र मन्धा २ लाख गाउँघर क्लीनिक घर निर्माण	५००००.००	
२१	पिपलटार खानेपानी ट्याङ्की तथा पाईप निर्माण खरिद	३००००.००	
२२	हरिगाउँ विद्यालय पर्खाल निर्माण	५००००.००	
२३	क्वालिगाउँ विद्यालय मैदान निर्माण	३००००.००	
२४	कालीपोखरा रिभ्का नयाँ मोटरबाटो निर्माण योजना	७००००.००	
२५	पावाङ दोवाटा नयाँ मोटरबाटो निर्माण योजना	५००००.००	
२६	त्रिवेनि लुङ्ग्री फगामखोला शिव मन्दिर मर्मत सुधार	२००००.००	
२७	घुम्ति स्वास्थ्य सिविर संचालन	३००००.००	
२८	एकवडा एक खेल मैदान निर्माण	४०००००.००	
२९	सहिद पार्क गजुल	५००००.००	
३०	युद्ध संग्राहलय (आरुखर्क खड्के भिर) निर्माण	५००००.००	
३१	भवानी गुफा व्यवस्थापन मर्मत सम्भार	२००००.००	
३२	गजुलकोट संरक्षण	२००००.००	
३३	जगेडा कोष	१९००००.००	
३४	सिप विकास तालीम (आन्तरिक श्रोत)	२०००००.००	
३५	फ्रि वाइफई सेवा सुलिचौर (आन्तरिक श्रोत)	३००००.००	
३६	आकासेपानी संकलन कार्यक्रम (आन्तरिक श्रोत)	१७००००.००	
३७	खुंग्री चतुर्भुज वृद्धाश्रम भवन निर्माण	३००००.००	
३८	देविभक्त आधारभुत विद्यालय थुम्पाकी घोडागाउँ पर्खाल निर्माण	३००००.००	
३९	तेबाङ बाल प्रा.वि. भैतिक सुधार	२००००.००	
४०	अरेश खोला रतनपोखरी बाग्मा सिंर्चाईकुलो मर्मत	२००००.००	
४१	बुढिपोखरा खानेपानी मुहान संरक्षण	१००००.००	
४२	पल्लो सिमा एक्लेपाटा खानेपानी योजना	१००००.००	
४३	लावाङ घाडा खानेपानी योजना	२००००.००	
४४	मावाङ थापादेवाली मन्दिर मर्मत	१००००.००	
४५	सुनिल मार्ग स्तारोन्नती	२०००००.००	
४६	कोइराल खर्क-भैसेपाटा नयाँ ट्राक मो.वा.	४०००००	
४७	जनकल्याण आधारभुत विद्यालय भौतिक पुर्वाधार विकास	२०००००	
४८	ओडानि-साहुटोल-फुलधारा खा.पा.मर्मत	२०००००	
	जम्मा	४५६००००.००	

अनुसूची-५

सुबर्णावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मिझिङ,रोल्पा
क्षेत्रगत योजना/कार्यक्रम बिबरण

क्र.सं.	आयोजना तथा कार्याक्रमको नाम	आयोजना संचालन हुने स्थान	अनुमानित बजेट
	मोटरबाटो/घोडेटो बाटो		
१	सुनिल मार्ग देखि गजुलकोट दरबार क्षे सम्म रेलिङ सहित स्टेपबाटो र बरबारको वरण्डा मर्मत	गजुलकोट वडा नं.-६	३५००००.००
२	उर्लिखोला लेख थुम्पाकी मो.बा.योजना	उर्लीखोला थुम्पाकी वडा नं.- १	८००००.००
३	चीउरी बोट धाराडाडा मो.बा.	चीउरी बोट देखि धारा वडा नं.-१	२००००.००
४	कलंखोला पञ्चिकोट मो.बा.	पंचीकोट वडा नं. -१	४७००००.००
५	बरनेटा छात्राबास मो.बा.	बरनेटा वडा नं. १	१००००.००
६	सेरपाटा सल्लीपिपल ढिकपुर मो.बा.	सेरपाटा देखि ढिकपुर सम्म वडा नं.१	२००००.००
७	थुम्पाकी सीमखोला मो.बा.	सीमखोला वडा नं. १	१००००.००
८	ढिकपुर ओवाङं मो.बा.	ओवाङ वडा नं.१	५००००.००
९	भलवाङ टाकुरा मो.बा.	भलवाङ वडा नं.१	१२००००.००
१०	गन्धर्व बस्ती मो.बा.	घोराखोला वडा नं.१	१००००.००
११	शिरान टोल मो. वा. निमार्ण	खुग्री वडा नं.२	५००००.००
१२	पुरीटोल शान्ति चौर मो. वा.ग्रावेल	खुग्री वडा नं.२	११९०००.००
१३	किमिचौर घोडागाउँ जेदवाङ मो.बा.मर्मत	सुवर्णावती १, घोडागाउँ	३००००.००
१४	किमिचौर घोडागाउँ सुर्पाल मो.बा.स्तरोन्नती	सुवर्णावती १, घोडागाउँ	१२००००.००
१५	धारावाङ थुम्पाकी धरमपानी कृषि सडक स्तरोन्नती	धारावाङ देखि थुम्पाकी १	१०००००.००
१६	सरंधारा बरनेटा घोडाकोट मो.बा.	सरंधारा घोडाकोट १	३००००.००
१७	उमावि हेपो जोड्ने मो.बा.	सल्लीपिपल हुदै लुतीचौर १	३००००.००

१८	तुसरपानी पुरानो तुसारपानी मो.बा.	सुवर्णावती १, घोडागाउँ	१००००.००
१९	गैराखोला शान्तिचौंर मोबा. ग्रभोल	खुंग्री वडा नं.२	१५००००.००
२०	खुंग्री सातदोबाटो मोबा स्तर उन्नती	खुंग्री वडा नं.२	५००००.००
२१	सिम्ले र छम्खुट्टा जोडने मो. वा. निमार्ण	खुंग्री वडा नं.२	३००००.००
२२	पिपल टार देखि माडी खोला जोडने मो. वा. निर्माण	खुंग्री वडा नं.२	२००००.००
२३	खुँग्री शषे खोला देखि पधेरा खोला जोडने मो. वा. ग्रावेल तथा विस्तार	खुंग्री वडा नं.२	२६००००.००
२४	देखुरीखोला देखि हिले हुदै गोगनपानी जोडने मो.वा. निर्माण	खुंग्री वडा नं.२	३००००.००
२५	पुरी टोल देखि माडीचौर जोडने मो.वा. ग्रावेल	खुंग्री वडा नं.२	१४००००.००
२६	मोटरबाटो निर्माण	आख्खारी देखि धैरेनी सम्म वडा नं.३	१५००००.००
२७	मोटरबाटो निर्माण	सुलिचौर दाईवाङ नोकोट सम्म वडा नं.३	४५००००.००
२८	मोटरबाटो निर्माण	फर्साचौर वडा नं.३	३५००००.००
२९	मोटरबाटो मर्मत	धन्नीपोखरा देखि हर्रोवाङ वडा नं.३	१५००००.००
३०	छिर्ने-कोइरलखर्क हुदै प्युठानजोड्ने मो.बा स्तरोन्नति	कोइरालखर्क /छिर्ने वडा नं. 4	४००००.००
३१	बागमा कृषि सडक स्तरोन्नति	धनमुडा /बाग्मा वडा नं.4	२००००.००
३२	देउखुरिखोला मोटरबाटो निर्माण	देउखुरिखोला वडा नं.4	२००००.००
३३	धनमुडा-साठिमुरे-अरेसखोला सम्म घोरेटो बाटो	धन्मुडा वडा नं.4	५००००.००
३४	फर्साचौर काभ्रा मन्घा क्वालीगाउँ हुदै लकसमारे सुनिलमार्ग जोड्ने मोटरबाटो मर्मत	काभ्रा वडा नं.५	६००००.००
३५	दलंगा काभ्रा मन्घा मो.बा.	काभ्रा मन्घा वडा नं.५	४००००.००
३६	कालीपोखरा घोरन्टे वडा कार्यालय जोड्ने मो.बा.	रिभ्का काभ्रा वडा नं.५	५००००.००
३७	क्वालीगाउँ बराहथान मो.बा.	क्वालीगाउँ वडा नं.५	५००००.००

३८	पानीपोखरा क्वालिगाउँ मो.बा.मर्मत	क्वालीगाउँ वडा नं.५	५००००.००
३९	रिझा दोरलङ्ग मो.बा.	रिझा काभ्रा वडा नं.५	५००००.००
४०	लाकुरी धौलिगाउँ सुनिलमार्ग मो.बा.	धौलिगाउँ वडा नं.६	४००००.००
४१	लिवाङ निपाने गजुलकोट मो.बा.	कुवापानी गजुलकोट वडा नं.६	२००००.००
४२	बाग्दुला घोडेटो बाटो	दलंगा वडा नं.६	१००००.००
४३	शहरी विकास कार्यक्रम स्टेपबाटो	गजुल. वडा नं.६ भित्र	१००००.००
४४	गजुधारा देखि विष्टटोल सम्म मो.बा.निर्माण	गजुलधारा देखि विष्टटोल वडा नं.७	१५००००.००
४५	पावाङदेखि दोवाटा विद्यालय सम्म मो.बा. निर्माण	पावाङ देखि दोवाटा वडा नं.७	४००००.००
४६	सरङ्गे पोखरा मो.बा. निर्माण	सरङगेपोखरा वडा नं.७	१५००००.००
४७	चिन्ने-सनिघर हुदै प्यूठान जोड्ने मोटर बाटो निर्माण	सुबर्णावती-८,अरेश	५००००.००
४८	गुरासे मोटर बाटो निर्माण	सुबर्णावती-८,अरेश	६००००.००
४९	रोका डेरा-देबथान मोटर बाटो निर्माण	सुबर्णावती-८,अरेश	५००००.००
५०	अफले देखि बेलबास,प्यूठान मोटर बाटो निर्माण	सुबर्णावती-८,अरेश	५००००.००
५१	जौलिपोखरी अमिली जयरे मो.बा.निर्माण	जौलिपोखरी लयरे वडा नं.७	१२००००.००
५२	मोटरबाटो मर्मत तथा स्तर उन्नती	भूमिस्थान खन्नेचौर वडा नं.३	३००००.००
५३	मोटरबाटो निर्माण पीसीसी	साविक ६ देखि ५ धन्दी पोखरा सम्म वडा नं. ३	१५००००.००
५४	मोटरबाटो निर्माण	धैरेनिदेखि दारिमधारा सम्म वडा नं.३	३००००.००
५५	मोटरबाटो स्तरोन्नती	घायथान देखि लम्पुजा सम्म वडा नं.३	१००००.००
५६	खुग्री हरिगाउ मो.बा.ह्युम पाईप खरिद	खुंग्री वडा नं.२	५००००.००
५७	खुँग्री ८ र ९ हरिगाऊ जोडने मो. वा. निमार्ण	खुंग्री वडा नं.२	३००००.००
५८	चुकाआप झाग्रीखोला सरङधारा मो.बा.	सरङधारा झाग्रीखोला वडा नं.१	१००००.००

59	वडा भित्रका ट्रयाक खोलिएका सम्पूर्ण मोटर बाटो मर्मत	सुबर्णावती-८,अरेश	1000000.00
60	लुन्गखोला -कुमलाधारा घोरेटो बाटो	बाउबांग वडा नं.4	50000.00
61	बाउबांग-टिसल कृषि मोटरबाटो	वडा नं ४	100000.00
62	ई.प्र. का. देखि चोक सम्म ढल तथा RCCबाटो निर्माण	सुलिचौर वडा नं.4	600000.00
63	सुनिलमार्ग मर्मत योजना	सुनिलमार्ग वडा नं.६	700000.00
64	डाडा मो.बा.	घोडागाउँ वडा नं.१	100000.00
65	क्वालीगाउँ मंसीरेमेला पर्ने धार्मिक स्थलमा गेट र स्टेप बाटो बनाउने	क्वालीगाउँ वडा नं.५	150000.00
66	सुलिचौर,राज्यपोखरी, जौलीपोखरी चिस्पाधारा मो.बा. सफाई तथा मर्मत	सुलिचौर राज्यपोखरी जौलिपोखरी चिस्पाधारा वडा नं.७	500000.00
67	गोरेटो बाटो निर्माण	टान्समिटर देखि साठी बराह सम्म वडा नं.३	35000.00
	जम्मा		23794000.00
	खानेपानी		
1	पंचीकोटा खानेपानी रिजर्भ टंकी	पंचीकोट वडा नं.१	200000.00
2	घोडागाउँ उर्लिखोला खानेपानी मर्मत योजना	उर्लिखोला देखि घोडागाउँ १	300000.00
3	गोगनपानी खा.पा.	खुग्री वडा नं.२	80000.00
4	पधेरा खोला खा.पा.	खुग्री वडा नं.२	50000.00
5	उडकेपाटा खा.पा.	खुग्री वडा नं.२	50000.00
6	खल्सीगे खा.पा.	खुग्री वडा नं.२	50000.00
7	खुँग्री ४ खा.पा. मर्मत	खुग्री वडा नं.२	100000.00
8	आपखोला सिमल खोला खा.पा. मर्मत	खुग्री वडा नं.२	50000.00
9	धारा पधेरा-ओर्खेनी खानेपानी निर्माण	सुबर्णावती-८,अरेश	200000.00
10	नयाँपानी-धाराखर्क खानेपानी निर्माण	सुबर्णावती-८,अरेश	500000.00
11	चेपना छहरा-साहुटोल खानेपानी निर्माण	सुबर्णावती-८,अरेश	200000.00

१२	भूमेस्थान-सोमडाँडा खानेपानी निर्माण	सुवर्णावती-८,अरेश	३०००००
१३	साविक मिझिङ ठूलो गाउँ खापा मर्मत	साविक २,३,५,६ वडा नं. ३	५०००००
१४	खापा निर्माण	माझाङ वडा नं. ३	१०००००
१५	वर्चपानी पाइप खरिद	वर्चपानी वडा नं. ३	१५०००
१६	पाल्लो बन खा. पा.	बाग्मा वडा नं. ४	६०००००
१७	जैरे खा.पा	बाग्मा वडा नं. ४	४०००००
१८	धन्चौर खा.पा	धन्चौर वडा नं. ४	१०००००
१९	बर्जिबांग खा.पा.	बर्जिबांग वडा नं. ४	२०००००
२०	उपल्लो भैसिधारा ख.पा. इन्टेक निर्माण	कोइरालखर्क वडा नं. ४	५०००००
२१	सिल्थापे दलित बस्ति खा. पा. निर्माण	छिर्ने (साबिक ९) वडा नं. ४	५०००००
२२	चाल्नेघडेरी खा.पा. निर्माण	छिर्ने (साबिक ९) वडा नं. ४	५०००००
२३	देउखुरिखोला खा. पा.	देउखुरिखोला वडा नं. ४	१०००००
२४	छिर्ने गाउ खा. पा.	छिर्ने (साबिक ७) वडा नं. ४	६०००००
२५	छापखोला लाखुरधारा खा.पा.योजना	छापखोला वडा नं. ५	२५०००००
२६	प्रावि स्कुल काभ्रा खापा योजना	काभ्रा वडा नं. ५	१०००००
२७	दलित टोल मन्धा खापा योजना	मन्धा वडा नं. ५	२१५०००
२८	चुमखोला उड्झाखोला खा.पा. योजना	चुमखोला वडा नं. ५	३५०००
२९	फलीवाङ ढुङगारे ख्यारा खा.पा.योजना	फलीवाङ वडा नं. ५	२०००००
३०	पोवाङखोला क्वालीगाउँ खा.पा.योजना	क्वालीगाउँ वडा नं. ५	२०००००
३१	पुरणपानी धनवुडा खा.पा.	पातीहाल्ना वडा नं. ६	४०००००
३२	धनुवामुल भैसीचरण धौलीगाउँ खा.पा.	गजुल वडा नं. ६	२०००००
३३	निरही खा.पा. निर्माण	निरही वडा नं. ७	५०००००
३४	कुलो बाध देखि खलसिंगे खा.पा मर्मत	खुंग्री वडा नं. २	५०००००
३५	गल्याङखोला खा.पा	खुंग्री वडा नं. २	५०००००
३६	कल्लेरी खोला खा.पा मर्मत	खुंग्री वडा नं. २	१०००००
३७	पिपलटार खा.पा. टंकी निर्माण	खुंग्री वडा नं. २	५०००००
३८	धारावाङ खानेपानी	धारावाङ वडा नं. १	१०००००

३९	कालोपहरा ख.पा. मर्मत	कोइरालखर्क वडा नं. ४	५००००.००
